सुदूरपश्चिम प्रदेश

# सामाजिक विकास मन्त्रालय, धनगढी, कैलाली ।

## आकस्मिक हवाई उद्धारको लागि दररेट पेश गर्ने सम्बन्धि सूचना

(प्रथम पटक प्रकासित मितिः -२०७७।०४।०६)

**दोस्रो पटकः २०७७।०४।२५**

यस मन्त्रालयको आर्थिक वर्ष २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रममा जटिल प्रसुती तथा कडा रोगीहरुलाइ आकस्मिक हवाइ एम्बुलेन्स मार्फत प्रेषण सेवा प्रदान गर्नको लागि बजेट विनियोजन भएको र सो सेवा हेलिकप्टरमार्फत प्रदान गर्नुपर्ने हुँदा इच्छुक र योग्य हेलिकप्टर सेवा प्रदायकहरु सबै (सरकारी र नीजि) को लागि तपसिल बमोजिमको कार्यको लागि तपसिल बमोजिमको विवरण सहित इमेल मार्फत दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिलः</u>

<u>क) कामको विवरण र शर्त</u>

- सुदूरपश्चिम प्रदेशका ८८ वटै स्थानीय तहबाट जटिल प्रसुतीको अवस्थामा रहेका महिलाहरु र निर्देशिकाले तोके बमोजिमका व्यक्तिहरुलाइ उनिहरुको जटिलताको अवस्थाअनुसार धनगढी, कोहलपुर वा काठमाडौसम्म हेलिकप्टर मार्फत तत्काल उद्धार गर्नुपर्ने ।
- उद्धारको लागि मन्त्रालयबाट खबर प्राप्त गरेको एकघण्टा भित्र सेवा सुरु गर्नुपर्ने ।
- आफ्नो संस्थाको हेलिकप्टर उक्त समयमा उपलब्ध हुन नसकेमा अर्को हेलिकप्टरको समेत व्यवस्था गर्नुपर्ने ।
- आर्थिक वर्ष २०७७।०७८ भरि नै माथि उल्लिखित सेवाहरु मन्त्रालयको आवश्यकताअनुसार प्रदान गर्नुपर्ने ।

<u>ख) पेश गर्नुपर्ने विवरणहरु</u>

- संस्था दर्ता, नविकरण, आयकर दर्ता प्रमाणपत्र (नविकरण सहित) र हेलिकप्टर सेवा प्रदान गर्ने अनुमति आधिकारिक निकायबाट लिएको प्रमाणपत्रको प्रतिलिपि ।
- सुदूरपश्चिम प्रदेशका सबै स्थानीय तहहरुबाट माथि उल्लेख भएअनुसारका व्यक्तिहरुलाइ धनगढी, कोहलपुर र काठमाडौसम्म प्रेषण गर्दा लाग्ने दररेट छुट्टाछुट्टै वा उडान दुरीको हिसाबले भाडा दर उल्लेख गरेको विवरण ।
- दररेट भर्ने फर्मेट मन्त्रालयको website-mosd.p7.gov.np बाट download गरी वा मन्त्रालयमा सम्पर्क गरी प्राप्त गर्न सक्नुहुने छ (सम्पर्क नं.- **०९१-५२४५६३**) ।

<u>ग) छनौट विधि</u>

पेश भएका दररेटहरुको मन्त्रालयबाट मुल्याङ्कन गरिनेछ र मुल्याङ्कन पश्चात न्यूनतम दर सहितको योग्य हेलिकप्टर सेवा प्रदायकको छनौट हुनेछ ।

<u>घ) दररेट पेश गर्नुपर्ने मिति र तरिकाः</u> हवाइ भाडा दररेट मिति २०७७।०५।०७ गतेभित्र यस मन्त्रायलको इमेल ठेगाना accmosdkailali7@gmail.com मार्फत पेश गरिसक्नुपर्ने छ ।

सामाजिक विकास मन्त्रालय